यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०५/२०८२-०८३ मिति २०८२/०८/०८ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ।

## संवत् २०८२ साल मंसिर ०८ गते बसेको कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | कृषि विकास शाखा | संघीय सरकारबाट हस्तान्तरित विषेश अनुदान कार्यक्रम र सुदूरपश्चिम प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८२/०८३ को प्रदेश विशेष अनुदान सामुहिक व्यवसायिक कृषि जडिबुटी खेती कार्यक्रम गाउँपालिका भित्रका ६ वटै वडाहरुमा संचालन गर्ने। |
| २. | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत नेपाल सरकार शसर्त अनुदान अन्तरगत बाँझो जग्गा सदुपयोगका लागि कृषि विकास कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकाले औद्योगिक ग्राम स्थित बाँझो जग्गामा उक्त कार्यक्रम संचालन गर्ने। |
| ३. | बहुक्षेत्रीय पोषण | चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत चालु आर्थिक वर्षमा कार्यान्वयन हुने बहुक्षेत्रीय पोषण तर्फका कार्यक्रमहरु स्वीकृत गर्ने। |
| ४. | आर्थिक प्रशासन शाखा | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ का लागि विनियोजित बार्षिक बजेट तथा कार्यक्रम अन्तरगतका सम्पन्न आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिने। |
| ५. | | आर्थिक सहायताका लागि पेश भएका निवेदनका निवेदकलाई अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम आर्थिक सहायता तथा राहत उपलब्ध गराउने। |
| ६. | पूर्वाधार विकास शाखा | संघीय विशेष अनुदान अन्तरगत यस गाउँपालिकाको वडा नं.४ स्थित सम्तेलीचौड हाई अल्टिच्युट एडभेन्चर पर्यटन क्रिकेट रंगाशाला निर्माणको ठेक्काको BOQ संशोधन गर्ने। |
| ७. | रोजगार सेवा केन्द्र | अध्यक्ष रोजगार कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटबाट वडा नं.१,२,३,५, र ६ मा प्रति वडा रु.४,००,०००।०० (अक्षररुपी चार लाख रुपैयाँ मात्र) र वडा नं.४ मा रु.५,००,०००।०० (अक्षररुपी पाँच लाख रुपैँया मात्र) का दरले बाँडफाँड गर्ने। |
| ८. | प्रशासन शाखा | यस गाउँपालिका अन्तरगत संचालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तरगत मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) एक जना कर्मचारी करार सेवामा भर्ना गर्ने। |
| ९. | | यस गाउँपालिकाको कर तथा गैर करलाई नियमन व्यवस्थापन तथा परिचालन गर्न र गाउँपालिकको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून निर्माण नभएकाले ततसम्बन्धी कानून तर्जुमाका लागि सैद्धान्तिक सहमती दिने |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका